# <u>व्यवसाय योजना (Business Plan)</u>

# सियारी च्याङ्ठा कोटहीथान पशु हाटबजार

## सियारी गाउँ पालिका

## रुपन्देही




### तयार गर्ने

**नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP)**

**आयोजना व्यवस्थापन इकाई**

**हरिहरभवन, ललितपुर**

## आश्विन, २०७९

सियारी गाउँपालिकासंगको सहकार्यमा आयोजनाले सियारी च्याङ्ठा कोटही थानमा निर्माण गरेको पूर्वाधार सहितको पशु हाटबजार सञ्चालनमा आएको छ । सम्बन्धित पालिकाहरुसंग समन्वय गरी आयोजनाको सहयोगमा नीर्मित/स्तरोन्नती गरिएका सबै पशु हाटबजारहरुको व्यवसाय योजना तयारी गर्ने उद्देश्यले नमूनाकोरुपमा सियारी पशु हाटबजारको यो व्यवसाय योजना तयार पारिएकोछ ।

यो व्यवसाय योजना तयार गर्ने सन्दर्भमा आयोजनाका सम्बन्धित विशेषज्ञहरुबाट प्रश्नावली तयार गरी मिति २०७९ भाद्र २९ देखि असोज ४, २०७९ सम्म रुपन्देही, कपिलवस्तु, र नवलपरासी जिल्लाका प्रमुख पशु हाटबजारहरुको निरीक्षण अध्ययन गरी सियारी पशु हाटबजार सञ्चालनका बारेमा सियारी गाउँपालिकामा छलफल गरिएको थियो ।

उपरोक्त अध्ययन र सम्बन्धित सरोकारवालाहरुसंगको छलफलका आधारमा व्यवसाय योजनाको पहिलो खेस्रा तयार पारी कार्तिक ३ गते २०७९ मा आयोजनामा प्रस्तुत गरियो भने सोक्रममा प्राप्त भएका सुझावहरुलाई समेटी यो व्यवसाय योजनालाई अद्यावधिक गरियो । तत्पश्चात २१ कात्तिक २०७९ मा सियारी गाउँपालिकामा पुगेर पशु हाटबजार कार्य सम्पादन समितिका सदस्यहरु र गाउँपालिका अध्यक्षज्यू लगायत अन्य सरोकारवालाहरु समक्ष प्रस्तुत गरी पुनः विस्तृतरुपमा छलफल गरियो । सो प्रस्तुतिमा प्राप्त सुझावहरुलाई समेटेर यो व्यवसाय योजनालाई अन्तिमरुप दिइएको छ ।

यो व्यवसाय योजना सियारी च्याङ्ठा कोटहीथान पशु हाटबजारको लागि तयार पारिएको भए पनि यसले अन्य पशु हाटबजारहरुलाई समेत ती बजारको यथार्थ व्यवसाय योजना तयार पार्न सहयोग पुग्ने छ र नेपालका पशु हाटबजारहरु आत्मनिर्भ र दिगो रुपमा सञ्चालन हुनेछन भन्ने अपेक्षा गरिएको छ ।

# विषय सूची


१. परिचय १

१.१ सियारी गाउपालिका १

१.२ सियारी च्याङ्ठा कोटहीथान पशु हाटबजार २

१.२.१ सियारी पशु हाटबजारका मुख्य उद्देश्यहरु ४

१.२.२ हाटबजार सञ्चालनको बर्तमान अवस्था ४

१.२.३ सियारी बजारमा खरिदबिक्री हुने पशुधन ५

१.२.४ सियारी पशु हाटबजारको हालको आम्दानीको अवस्था ५

१.२.५ प्रमुख खरिदकर्ता ६

१.२.६ प्रतिस्पर्धी बजारहरुको दुरी र सञ्चालन अवस्था ७

१.२.७ सियारी पशु हाटबजारमा हाल उपलब्ध जनशक्ति ८

१.२.८. सियारी पशुहाट बजारको सञ्चालन प्रक्रिया ८

२. सियारी च्याङ्ठा पशु हाटबजारको सबल र कमजोर पक्षको / क्ध्इत विश्लेषण ९

२.१ प्रतिस्पर्धी पशु हाटबजारको भौतिक पूर्वाधार विकासको अवस्था ११

३ . सियारी पशु हाटबजारका लाभग्राहीहरु १२

४. हाटबजारको लक्षित कार्यक्रम प्रक्षेपण १३

४.१ लक्षित कार्यक्रम : आ.व. २०७९/८० देखि २०८९/९० सम्म १३

४.२ पशु हाटबजार सन्चालनका लागि प्रस्तावित जनशक्ति १५

५. बजार प्रबर्धन योजना १६

५.१ बजारीकरण रणनीति (एक उदाहरण) १६

५.२ बजारीकरण योजना १७

५.३ हाटबजारको हालको कारोवारको प्रक्षेपित आयतन १८

६. बित्तीय बिश्लेषण १९

६.१ कूल पूंजि लगानी १९
६.२ बार्षिक सञ्चालन खर्च १९
६.३ बार्षिक आम्दानीको प्रक्षेपण १९
६.४ नाफा नोक्सान को प्रक्षेपण १९
६.५ नगद प्रवाहको प्रक्षेपण २०
६.६ वासलात विश्लेषण २०
६.७ पारविन्दु विश्लेषण २०
६.८ आन्तरिक प्रतिफल दर, र लगानी उठ्ने अवधि २०
७. वातावरण र सामाजिक सुरक्षा व्यवस्था २१
७.१ वातावरणीय प्रभाव व्यवस्थापन : २१
७.२ संस्थागत सामाजिक उत्तरदायित्व २१
८. दिगोपना २२
९.अनुसूचि २३
९.१ वित्तीय विश्लेषण संग सम्बन्धित अनुसूचिहरु २३
९.२ सियारी कोटही पश हाटबजार सञ्चालन कार्यविधि , २०७९ **ङ्कचचद्धच! ख्द्धद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**
९.३ सियारी पशु हाटबजार भ्रमणका कममा सम्पर्क गरिएका व्यक्तिहरुको नामावली ३७
९.४ सियारी पश हाटबजारको व्यवसाय योजना प्रस्तुतीका समयमा उपस्थित पदाधिकारीहरु ३९

# १. परिचय

## १.१ सियारी गाउँपालिका

बिक्रम सम्बत २०७३ साल फागुन २२ गते नेपाल सरकारले साविकको चिल्हिया, मैनहिया, हर्नैया, दयानगर र पश्चिम अमुवा गा.वि.स.हरूलाई समावेश गरी सियारी गाउँपालिका घोषणा गरेको हो । यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरु कायम गरिएको छ । सियारी गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रूपन्देही जिल्लामा अवस्थित छ ।

यस गाउँपालिकाको प्रशासनिक केन्द्र साविकको हर्नैया गा.वि.स.को कार्यालय भएको स्थान, हाल वडा नं. ३ मा रहेको छ । यस गाउँपालिकामा २०७३ फाल्गुन ९ गतेसम्म १८ वर्ष पूरा भएका मतदाता संख्या २०,८९८ जना छन् । सियारी गाउँपालिका समथर तराइ क्षेत्रमा रहेको छ । यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ । यस किसिमको माटो अन्नखेती र उन्नत घाँस खेतीका लागि उपयुक्त ठानिन्छ

हावापानीको दृष्टिले यस गाउँपालिकामा उष्ण प्रदेशीय प्रकारको हावापानी पाईन्छ । उष्ण प्रदेशीय हावापानीमा चैतदेखि भाद्रसम्म अत्यधिक गर्मी हुन्छ भने आश्विन, कार्तिक, मंसिर, र फागुनमा समशीतोष्ण किसिमको हावापानी हुन्छ । पौष र माघमा हुस्सु लाग्नुको साथै निकै जाडो हुन्छ र असारदेखि भाद्रसम्म धेरै वर्षा हुन्छ । करीब ६६.१७ वर्ग.कि.मि. क्षेत्रफल रहेको सियारी गाउँपालिकाको उत्तरमा सुद्धोधन गाउँपालिका र पश्चिम र दक्षिणमा मायादेवी गाउँपालिका रहेका छन् भने पूर्वमा तिलोत्तमा र ओमसतिया गाउँपालिका रहेका छन । गाउँपालिकाका वडा नं २, ३, ४, ५, ६ र ७ छोएर बग्ने सियारी खोलाले वडा नं २ देखि ७ सम्म सिंचाई सुविधा प्रदान गर्दै आएको छ । यसै खोलाको नामबाट गाउँपालिकाको नामकरण गरिएको हो ।

यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार जम्मा जनसंख्या ३८,४६६ मध्ये पुरुष १८,५४९ (४८.२२ %), महिला १९,९१७ (५१.७८ %), जम्मा घरधुरी ६७९२ र जनघनत्व प्रति वर्ग कि.मी. ५८० रहेको छ । जनसंख्याको बनावटको हकमा सबैभन्दा बढी थारु ७,९५८ (२०.६९%), दोस्रोमा ब्राम्हण पहाडी ४,७४३ (१२.३३ %) र तेस्रोमा यादव ३,९२१ (८.२०%), र बांकी अन्य जातजातिको बसोबास रहेको छ ।

यस गाउंपालिकामा कृषि व्यवसायनै पारिवारिक आम्दानीमो सबैभन्दा ठूलो स्रोत रहेको छ । वर्तमान समयमा पशुपालनका साथै व्यावसायिक मत्स्यपालन पनि विकसित हुंदै आएकोछ । गाउँपालिकामा विशेष गरी गाई, भैंसी, बाख्रा, सुँगुर यहाँका मुख्य घरपालुवा जनावर हुन । पशुपालनबाट गाउँपालिका बासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाई, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन । त्यस्तै भेटरिनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ । यस गाउंपालिकामा मत्स्यपालन व्यवसायले कृषकहरु माझ लोकप्रियता  हासिल गर्दै गैरहेको छ ।

## १.२ सियारी च्याङ्ठा कोटहीथान पशु हाटबजार

सियारी गाउँपालिकामा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत विश्व बैंकको ऋण सहयोगमा संचालित नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाको रु.३,५१,२६,९५२.५० (अक्षेरेपी तीन करोड एकाउन्न लाख छब्बीस हजार नौ सय बाउन्न रुपैयां पैसा पचास मात्र) आर्थिक तथा प्राविधिक सहयोगमा सियारी च्याङ्ठा कोटहीथानमा आधारभूत संरचनाहरु सहितको एक व्यवस्थित पशु हाटबजार निर्माण भई गत श्रावण २०७९ देखि साप्ताहिक रुपमा प्रत्येक आइतबार सञ्चालन हुँदै आएको छ । यो हाटबजार रुपन्देही जिल्लाको सदरमुकाम भैरहवाबाट करिव ७ कि.मी. को दूरीमा पश्चिम तर्फ रहेको छ । बजारको स्वामित्व सियारी गाउँपालिकामा रहेको **छ ।** यस बजारमा हाल निम्न भौतिक संरचनाहरुको निर्माण सम्पन्न भै प्रयोगमा रहेका छन् ।

यस पशु हाटबजार स्थलमा भौतिक संरचना तथा सुबिधाहरु निम्न अनुसार उपलब्ध छन् :

**तालिका-**१ : पशु हाटबजारमा निर्मित भौतिक पूर्वाधारहरु र तिनको प्रयोग

| **क.सं.** | **निर्मित भौतिक पूर्वाधारहरु** | **संख्या** | **लक्षित तथा भइरहेको प्रयोग** |
|---|---|---|---|
| **निर्माण भएका संरचनाहरु** | | | |
| **१.** | सुबिधायुक्त दुई तले कार्यालय भवन – किसान भवन | १ | कार्यालय सञ्चालन र बजारमा ल्याइएका र बिकी भएका भैंसी, पाडा, पाडी र अन्य पशुको रेकर्ड राख्ने तथा पशुको स्वास्थ्य परीक्षण गर्ने, बिकी भएका पशुको आवश्यक कागजपत्र तयार गर्ने आदि कामहरु गर्ने । प्रयोगमा आइरहेको । |
| २. | पशु हाटबजार कार्य सम्पादन समितिको र हाटबजार संरक्षक समितिको कार्यकक्ष | | नियमित कार्यालय सञ्चालन र बैठकहरु बस्न । हाल प्रयोगमा आइरहेको । |
| ३. | प्रयोगशाला | | हाटबजारमा ल्याइएका पशुको स्वास्थ्य परीक्षण गर्न । प्रयोग भइरहेको । |
| ४. | पाहुना विश्राम कोठा ( बिक्रेता तथा खरिदकर्ताहरुको लागि आराम गर्न तथा बास बस्न) | | हाल निशुल्क खाट, डसना आदिको व्यवस्था भएको । शौचालय र स्नान कोठा समेत रहेको । प्रयोगमा आइरहेको । |
| ५. | गोठ /शेड (भैंसी तथा पाडा/पाडीको लागि) | १ | बजार लाग्ने दिन बिक्री नभएको अवस्थामा पशु राख्न । प्रयोगमा आइरहेको । |
| ६. | चमेना गृह | १ | बजारको दिनमा आाउने व्यापारी तथा कृषकलाई खाचा, खाना खुवाउन । संचालनमा आउन बाकी । |

| क.सं. | निर्मित भौतिक पूर्वाधारहरु | संख्या | लक्षित तथा भइरहेको प्रयोग |
|---|---|---|---|
| ७. | दुइतले चौकीदार घर | १ | चौकिदारहरु बस्न । हाल प्रयोगमा रहेको । |
| ८. | भुँइतल्लामा दुइटा शटर/पसल कवल भएको | | बजारमा आउने आगन्तुक र ल्याइने पशुलाई चाहिने सामग्रीहरु बिक्री गर्न भाडामा दिन । सञ्चालनमा आउन बाँकी । |
| ९. | शौचालय घर | १ | प्रयोगमा रहेको । |
| १०. | तारबारले घेरेको तीनवटा ठूला गेटहरु सहितको चौर | | बजारमा ल्याइएका भैंसी,पाडा पाडीहरु बाधेर राख्न । प्रयोगमा आइरहेको । |
| ११. | छाना सहितको जैवीक खाडल (Bio-pit) | १ | कुनै पशु मरेमा व्यवस्थापन गर्न । |
| १२. | पशु हरु झार्ने तथा गाडी चढाउने ढिस्को/Ramp | ४ | पशु गाडीमा चढाउन वा गाडीबाट झार्न । प्रयोगमा आइरहेको । |
| १३. | आर्टिजन कुवा | १ | प्रयोगमा आइरहेको । |
| १४. | पशुले पानी खाने डुंडहरु | १२ | भैंसी,पाडा पाडी को लागि पानी पिउन । प्रयोगमा आइरहेको । |
| १५. | पशु जांचगर्ने चेकपोस्ट | २ | प्रयोगमा आइरहेको । |
| १६. | गोवर संकलन गर्ने घर | १ | प्रयोगमा आइरहेको । |
| १७. | पशुको पिसाप संकलन टयांकी | १ | प्रयोगमा आइरहेको । |
| **उपलब्ध सुबिधाहरु** | | | |
| १ | हाटबजारमा पशुलाई प्रवेश गराउने वित्तिकै पशु दर्ता, पशुको स्वास्थ्य जांच, र बिक्री भैसकेपछि स्रोत प्रमाणित र स्वास्थ्य परीक्षणको प्रमाणपत्र, र बिक्री पूर्जी उपलब्ध गराईन्छ | | पशु ढुवानीको लागि आवश्यक प्रमाण पत्रहरु । |

### १.२.१ सियारी पशु हाटबजारका मुख्य उद्देश्यहरु

(क) पशु उत्पादक पकेटहरुलाई पशु हाटबजारसँग आवद्ध गर्दै दूध उत्पादनका लागि स्वस्थ दुधालु भैंसी, मासु उत्पादनका लागि पाडा र रांगाहरुको बजारीकरणमा टेवा पुऱ्याउने ।

(ख) जीवित पशु हाटबजार सञ्चालन विधि र प्रक्रियाहरुलाई परिमार्जन गरी लुम्बिनी प्रदेशमा एउटा व्यवस्थित नमूना जीवित पशु हाटबजार सञ्चालन गर्ने ।

(ग) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय जीवित पशुको बिक्री वितरण तथा उपलब्धता सुनिश्चत गर्न सघाऊ पुऱ्याउने ।

(घ) पशु हाटबजार व्यवस्थितरुपमा सञ्चालन गर्ने र बजार सूचना प्रणालीको विकास गर्ने ।

(ङ) पशु तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र चेतना अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

(च) जीवित पशुहरुको आयात प्रतिस्थापन गर्न सघाउ पुऱ्याउने ।

### १.२.२ हाटबजार सञ्चालन : वर्तमान अवस्था

सियारी च्याङ्ठा कोटहीथान पशु हाटबजारमा पूर्वाधार निर्माण भएपछि पशु हाटबजारको शुभारम्भ गत श्रावण ९, २०७९ देखि भएको हो । यो बजारमा **आईतवारका** दिन मुख्यतः दुहुना भैंसीहरुको खरिदबिक्री हुने गर्दछ भने अन्य दिनमा मासुका लागि राँगा, पाडा, थारा भैंसीको खरिद-बिक्री हुने गर्दछ । यो हाटबजार स्थलमा हालका व्यवस्थित पूर्वाधारहरु नहुदा समेत केही वर्ष पहिलेसम्म खुला चौरमा गोरुहरुको खरिदबिक्री गर्ने बजार लाग्दथ्यो । वर्तमान समयमा कृषि यान्त्रिकरणका कारणले कृषि कार्यमा गोरुको प्रयोग कम हुंदै गएकोले गोरुको खरिदबिक्री बन्द भएको छ ।

यस ठाउंमा पशु हाटबजार सञ्चालनका लागि नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाको सहयोगमा गाउंपालिकाले हाटबजार सञ्चालन निर्देशिका तयार गरी सो निर्देशिकाको आधारमा हाटबजार सञ्चालन गरिएकोछ । निर्देशिका अनुसार विभिन्न क्षेत्रका प्रतिनिधिहरु समावेश हुने गरी करिव ३० जना सदस्य रहेको "पशु हाटबजार सञ्चालक समिति" गठन गरिएको छ । साथै हाटबजारको दिनानुदिनको कार्य सम्पादन गर्न सञ्चालक समितिका सदस्यहरुमध्यबाट ५ सदस्यीय "कार्य सम्पादन समिति" गठन गरिएको छ । हाल कार्य सम्पादन समितिका सदस्यहरुले स्वयम्सेवकका रुपमा पशु हाटबजारको दैनिक कार्य सम्पादन गर्ने गरेका छन ।

### १.२.३ सियारी बजारमा खरिदबिक्री हुने पशु

यस पशु हाटबजारमा बिक्रीको लागि ल्याईने पशुधनमा मुख्यतः **दुहुना भैंसी, पाडा, पाडी, राँगा, थारा भैंसी** आदि रहेका छन् । हालसालै खसी बोकाको बजार पनि सुरु गरिएको छ ।. विगत दुई महिनाको अनुभवका आधारमा यस बजारमा ल्याईने पशुहरुको किसिम, सरदर संख्या र स्रोतहरुको विवरण निम्न अनुसार रहेको देखिन्छ ।

**तालिका- २** : सियारी हाटबजारमा ल्याईने पशुहरुको किसिम, संख्या र स्रोत

| **बजारमा ल्याईने पशुको किसिम, संख्या र स्रोत** | | | | | |
|---|---|---|---|---|---|
| **क.सं.** | **विवरण** | **संख्या प्रति हप्ता** | पशु ल्याइने क्षेत्रहरु | **पशु ल्याउने साधनहरु** | **कैफियत** |
| **१** | दुहुना भैंसी | २६ | सुद्धोधन, मायादेवी, तिलोत्तमा, ओमसतिया गाउंपालिकाहरुका साथै रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लाका अन्य गाउंपालिकाहरु । | २-३ राँगा/भैंसी भए सानो पिकअप गाडीमा; २०-२२ संख्यामा भए ट्रकमा । नजिकै भए हिडाएर । | |
| **२** | थारा भैंसी | १०० | “ | “ | |
| **३** | पाडा/पाडी | | “ | “ | |
| | खसी/बोका (सरदर) | २० | “ | | |

**स्रोत** : पशु हाटबजार कार्य सम्पादन समिति, सियारी

### १.२.४ सियारी पशु हाटबजारको हालको आम्दानी

सियारी पशु हाटबजार सञ्चालनमा आएपछि हाल प्रति हप्ता रु.३८,८०० आम्दानी भै रहेको छ । यसरी नै सञ्चालन भैरहे वार्षिक रु. २०,१७,६०० आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

**तालिका-३ : वर्तमान आम्दानीका स्रोतहरु र साप्ताहिक तथा वार्षिक आम्दानीको प्रक्षेपण**

| क्र.सं. | आम्दानीका स्रोत | औसत परिमाण प्रति हप्ता (संख्या) | प्रति पशु सेवा शुल्क रु. | प्रति हप्ता आम्दानी रु. | प्रति वर्ष आम्दानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १,. | दुहुना भैंसी खरिदबिकी | २६ | ३०० | ७८०० | ४,०५,६०० | खरिदकर्ताले तिर्ने |
| २,. | थारा भैंसी /पाडा/पाडी खरिदबिक्री | १०० | ३०० | ३०००० | १५,६०,००० | खरिदकर्ताले तिर्ने |
| ३. | बोका/खसी | २० | ५० | १००० | ५२,००० | अनुमानित |
| ४ | वार्षिक आम्दानी /प्रति वर्ष | | | | २०,१७,६०० | अनुमानित प्रक्षेपण |

**स्रोत :** पशु हाटबजार कार्य सम्पादन समिति, सियारी

## १.२.५ प्रमुख खरिदकर्ता

यस हाटबजारका प्रमुख खरिदकर्ताहरु खास गरी दुहुना भैंसी खरिदका लागि विभिन्न जिल्लाबाट आउने र खरिद गरी लैजाने भएकोहुंदा, प्रमुख खरिद कर्ताहरु वारे तालिका ४ मा उल्लेख गरिएकोछ ।

**तालिका-४: सियारी हाटबजारका प्रमुख खरिद कर्ताहरु**

| क्र.सं. | पशु | खरिद कर्ताहरुले पशु पुऱ्याउने जिल्ला | कैफियत |
|---|---|---|---|
| १. | दुहुना भैंसी (दूध उत्पादनका लागि) | व्यावसायिक पशुपालक कृषकहरु र पशु पुग्ने जिल्ला- स्यांग्जा, गुल्मी, पाल्पा, अर्घाखांची, चितवन, रुपन्देही, नवलपरासी, कपिलवस्तु । | दूध उत्पादनका लागि व्यावसायिक पशुपालक कृषकहरुले दुहुनो भैंसी किनेर लाने । |
| २. | थारा भैंसी, पाडा, रांगा (मासुका लागि) | व्यापारीहरु र लक्षित बजार - काठमाडौ, पोखरा र चितवन । | ५० प्रतिशत काठमाडौ उपत्यका र बांकी ५० प्रतिशत पोखरा, चितवन र अन्य जिल्ला |
| ३ | खसी, बोका (मासुका लागि) | काठमाडौ, पोखरा र चितवन । | |

**स्रोत:** पशु हाटबजार कार्य सम्पादन समिति, सियारी

उपरोक्त तालिकामा देखाइए अनुसार दुहुना भैंसीका खरिदकर्ताहरु मुख्यतः नजिकका पहाडी जिल्लाका व्यावसायिक कृषकहरु हुन् भने मासुका लागि खरिद गरिने पशुका खरिदकर्ताहरु काठमाण्डौ, पोखरा, भरतपुर र अन्य जिल्लाका बजारहरुमा आपूर्ति गर्ने व्यापारीहरु हुन् ।

## १.२.६ प्रतिस्पर्धी बजारहरुको दुरी र सञ्चालन अवस्था

सियारी पशु हाटबजारको २० देखि ७० किलो मिटरको परिधिभित्र यो जस्तो व्यवस्थितरुपमा अन्य कुनै पशु हाटबजार सञ्चालन भएको पाइदैन । अध्ययनको क्रममा भ्रमण गरिएका रुपन्देही जिल्ला भित्र र बाहिर सञ्चालन भइरहेका पशु हाटबजारहरु बहादुरगंज (कपिलबस्तु), परासी र जमुनिया (नवलपरासी), हरैया (रुपन्देही) अव्यवस्थित रुपमा सञ्चालन भै रहेको देखिन्छ । अन्य बजारका पूर्वाधार विकास तथा व्यवस्थापन अवस्था सम्बन्धी संक्षिप्त जानकारी तल तालिका ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका-५ : हाल सञ्चालनमा रहेका प्रतिस्पर्धी बजारहरुको विवरण**

| क.स. | बजार | जिल्ला | सियारीबाट अनुमानित दूरी, कि.मी. | सडकको अवस्था | पूर्वाधारको अवस्था | सञ्चालनको किसिम | बजार लाग्ने दिन |
|---|---|---|---|---|---|---|---|
| १. | मजहदिया पशु हाटबजार | रुपन्देही | १६ | पक्की सडकसंग जोडिएको | नभएको | निजी - ठेकेदार मार्फत | **सोमबार** |
| २. | हरैया पशु हाटबजार | रुपन्देही | २५ | पक्की सडकसंग जोडिएको | नभएको | सामुदायिक (विद्यालयको जग्गामा) - ठेकेदार मार्फत | **शनिबार** |
| ३. | बहादुरगंज पशु हाटबजार | कपिलबस्तु | ७० | पक्की सडकसंग जोडिएको | नभएको | निजी - ठेकेदार मार्फत | **सोमबार** |
| ५. | परासी रामग्राम पशु हाटबजार | नवलपरासी | २५ | पक्की सडकसंग जोडिएको | नभएको | सामुदायिक (गा.पा.को जग्गामा) - ठेकेदार मार्फत | **मंगलबार** |
| ६. | जमुनिया पशुहाट बजार | नवलपरासी | ३० | पक्की सडकसंग जोडिएको | नभएको | सामुदायिक (गा.पा.को जग्गामा) - ठेकेदार मार्फत | **मंगल बार** |

| क.स. | बजार | जिल्ला | सियारीबाट अनुमानित दूरी, कि.मी. | सडकको अवस्था | पूर्वाधारको अवस्था | सञ्चालनको किसिम | बजार लाग्ने दिन |
|---|---|---|---|---|---|---|---|
| ७. | सियारी पशु हाटबजार | रुपन्देही | ० | पक्की सडकसंग जोडिएको | आवश्यक भौतिक पूर्वाधारहरु भएको | सामुदायिक (गा.पा.को जग्गामा) - गाउंपालिका अन्तर्ग सञ्चालक समिति मार्फत सञ्चालित । | **आइत बार** |

**नोटः** उपरोक्त तालिकामा उल्लेख भएका पशु हाटबजारहरुमध्ये सियारी बाहेकका बजारमा पूर्वाधार विकासको अवस्था कमजोर रहेको छ । साथै बजार व्यवस्थापन पनि निजी ठेकेदार मार्फत अव्यवस्थितरुपमा भएको देखिन्छ ।

### १.२.७ सियारी पशु हाटबजारमा हाल उपलब्ध जनशक्ति

सियारी हाटबजार हालसालै सञ्चालनमा आएको हुंदा आवश्यक सबै जनशक्ति पूर्ति भै नसकेको अवस्था छ । हाल कार्यरत जनशक्तिको विवरण तल तालिका-६ मा प्रस्तुत गरिएकोछ ।

**तालिका-६: सियारी हाटबजारमा हाल कार्यरत जनशक्ति विवरण**

| क्रसं | उपलब्ध /कार्यरत | संख्या | कैफियत /भूमिका /संक्षिप्त कार्य विवरण |
|---|---|---|---|
| १. | पशु चिकित्सक | १ | हाट बजारमा आउने पशुको स्वास्थ्य परीक्षण गरी प्रमाण-पत्र दिने । गाउंपालिकाले करारमा भर्ना गरेको । |
| २. | लेखा/प्रशासन | ० | पद पूर्ति हुन बांकी । |
| ३. | सुरक्षा गार्ड | १ | निर्माणको समय देखिको हेरालु । |
| ४. | पशु सेवा प्राविधिक | १ | गाउंपालिका मार्फत नियुक्त भएको । |
| ५. | सरसफाई सहयोगी | ० | पूर्ति हुन बांकी । |

**स्रोतः** पशु हाटबजार कार्य सम्पादन समिति सियारी

### १.२.८. सियारी पशुहाट बजारको सञ्चालन प्रक्रिया

- पशुलाई बजार स्थलमा प्रवेश गराएपछि आगमन पुस्तिकामा दर्ता गरिन्छ ।
- पशुको स्वास्थ्य परीक्षण पशु चिकित्सकबाट गराइन्छ ।
- पशु केता र बिकेताबीच खरिद मूल्यमा सहमति भएपछि कार्यालयमा पशु हाटबजार सेवा शुल्क बुझाईन्छ ।

- पशु बिक्री भएको अवस्थामा प्रत्येक ठूला पशुको रु. ३०० र साना पशुको रु. ५० का दरले सेवा शुल्क संकलन गरिन्छ । साथै बिकी भएका पशु ढुवानीको कममा आवश्यक पर्ने कागजातहरु प्रदान गरिन्छ ।
- विगत दुई महिनाको अनुभवमा एक हप्तामा सरदर १२६ वटा ठूला पशुहरु (दुहुना भैंसी, पाडा, रांगा, थारो भैंसी) बिक्रिहुने गर्दछन् जसमध्ये २६ वटा जति दुहुना भैंसी र बांकी अन्य पशुहरु रहेका छन् ।
- थारा भैंसी र पाडाको कारोबार आइतवार बाहेक अन्य दिनमा पनि हुने गरेको छ ।
- बिकी भएका पशुहरु हाटबजारबाट बाहिर लांदा अभिलेख राखिन्छ ।
- पछिल्लो समयमा खसी, बोकाको खरिदबिकी कारोवार समेत सुरु भएको छ । खसी, बोकाको प्रति पशु रु. ५० का दरले हाटबजार सेवा शुल्क संकलन गर्ने योजना रहेको छ । एकपटक मात्र खसी, बोकाको बिकी भएको अनुभव छ ।
- बजार हालसाल मात्र सञ्चालनमा आएको हुंदा सबै आवस्यक जनशक्तिको व्यवस्था भैसकेको छैन.। साथै पारिश्रमिक प्रदान गर्ने व्यवस्था नभएकोले बजार व्यवस्थापनका लागि पशु हाटबजार लाग्ने दिन कार्य सम्पादन समितिका सदस्यहरु उपस्थित भै स्वयम्सेवकको रुपमा काम गर्दै आइरहेका छन् । उनीहरुलाई खाजा खुवाउने व्यवस्था भने गरिएको छ ।

## २. सियारी च्याङ्ठा पशु हाटबजारको सबल र कमजोर पक्ष (SWOT विश्लेषण)

सियारी पशु हाटबजारका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरु तल तालिका ७ मा उल्लेख गरे अनुसार रहेको देखिन्छ ।

**तालिका-७: बजारका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरु**

| क्रसं | क) सबल पक्षहरु (Strength) | | ख) कमजोर पक्षहरु (weakness) |
|---|---|---|---|
| १. | **भौतिक सुविधा**<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाबाट करिव रु. ३ करोड ५१ लाखको लागतमा आवश्यक विभिन्न भौतिक संरचनाहरु निर्माण भएका छन् । | १. | **प्राविधिक सुविधा अपुग**<br>गाउँपालिकाले हाललाई १ जना पशु चिकित्सक र १ जना पशु सेवा प्राविधिकको व्यवस्था गरेता पनि प्रयोगशाला सञ्चालनका लागि आवश्यक प्राविधिक सुविधा प्रयाप्त नभएको । |
| २. | **बजारको स्थायित्व**<br>बजार लाग्ने जग्गा सियारी गाउँपालिकाको स्वामित्वमा रहेको छ । पशु हाटबजार सञ्चालनको मुख्य जिम्मेवारी पनि गाउंपालिकाकै भएकाले बजार स्थायी हुने देखिन्छ । छन । | २. | **वित्तीय सेवाको असुविधा**<br>हाट बजारस्थलमा खरिदबिक्रीको दौरान लाखौं रकमको लेनदेन हुने भएकाले कम्तीमा बजारको दिन मात्र भए पनि बजार स्थलमा रहेको किसान भवनमा |

| क्रसं | क) सबल पक्षहरु (Strength) | | ख) कमजोर पक्षहरु (weakness) |
|---|---|---|---|
| | | | बैंक/वित्तीय संस्थाको सेवा उपलब्ध हुनुपर्नेमा हालसम्म हुन नसकेको । |
| ३. | **प्राविधिक सहयोग**<br>सियारी गाउंपालिकाले पशुको स्वास्थ्य परीक्षण गर्न पशु चिकित्सक, बजार स्थलमा प्रयोगशाला सञ्चालन गर्न पशु सेवा सहायकको व्यवस्था गरेको छ । | ३,. | **जनशक्ति अभाव**<br>कर्मचारी भर्ना गर्न सञ्चालक समितिको आफ्नै आर्थिक श्रोत नभएकोले दैनिक सरसफाई गर्ने कर्मचारीको अभाव रहेको । |
| ४. | **सडक सञ्जाल**<br>यो बजारस्थल भित्रैसम्म पक्की सडक जोडिएको छ। पशु ढुवानी गर्ने साधनलाई आवत-जावत गर्न सजिलो छ । साथै गाउँपालिका भित्र र जिल्ला बाहिरका बजारहरुसम्म समेत पशु ढुवानीका लागि सडक सञ्जाल राम्रो अवस्थामा रहेको छ । | ४. | **पशु आहारा उपलब्ध नहुनु**<br>बजारमा ल्याउने भैंसी/राँगा तथा अन्य पशुका लागि ख्वाउने पराल/दाना/आहाराको बजार स्थलमा उपलब्ध नभएकोले हाटबजारमा आउने पशुहरुलाई आहाराको समस्या पर्ने देखिन्छ । |
| ५. | **बिद्युत सुविधा**<br>पशु हाटबजारमा नियमित बिद्युत सेवा आपूर्ति गर्न बजार स्थल नजिकै ट्रान्स्फरमर जडान भएको छ । त्यसबाट भरपर्दो बिद्युत सेवा उपलब्ध हुनेछ । | | |
| ६. | **सूचना प्रवीधि**<br>बजार स्थलमा इन्टरनेट सेवाको सुविधा रहेकोछ। विभिन्न अन्य बजारहरु बारे जानकारी लिन र जानकारी दिन सजिलो छ । | | |
| ७. | **स्थानीय तहको सहयोग**<br><br>पशु हाटबजार कार्य सम्पादन समितिले आफ्नै स्रोतबाट हाटबजार व्यवस्थापन खर्च व्यहोर्न सक्षम नभएसम्म गाउंपालिकाले खर्च व्यहोर्ने भएकाले बजार सञ्चालनमा दिगोपना हुने देखिन्छ । | | |

| | ग) अवसरहरु (Oportunities) | | ग) चुनौती/(Threat) |
|---|---|---|---|
| १ | **पशु ढुवानी गर्न सहज**<br>सियारी पशु हाटबजार राष्ट्रिय राजमार्ग प्रणालीको सञ्जालसंग जोडिएको हुदा यहांबाट देशका विभिन्न शहरहरु जस्तै काठमाडौं, पोखरा, भरतपुर तथा अन्य | १ | **रोगी पशु आउन सक्ने**<br>भारतसंग खुला सीमाना जोडिएकोले भारतबाट विभिन्न रोगले संक्रमित पशुहरु यस बजारमा आउनसक्ने खतरा रहेको छ । |

| | ग) अवसरहरु (Oportunities) | | ग) चुनौती/(Threat) |
|---|---|---|---|
| | सम्भावित ठाउंहरुमा पशु ढुवानी गर्न सकिने सम्भावना रहेको छ। | | |
| २, | **बजार विस्तार गर्ने सम्भावना**<br>सियारी पशु हाटबजार सुगम स्थानमा रहेको र तराइका धेरै जिल्लाहरु र छिमेकी देशका ग्रामीण भेगसंग पनि यातायात सञ्जालले जोडिएको हुंदा पशु हाटबजार प्रबर्धनका लागि राम्रो सम्भावना रहेको छ। | २. | **ठूलो सञ्चालक समिति**<br>पशु हाटबजार सञ्चालक समितिका सदस्यहरुको संख्या ३० भन्दा धेरै भएको, धेरै संस्थाहरु को प्रतिनिधित्व रहेकोले बैठक बस्न र छिटो निर्णय लिन गाह्रो हुनसक्ने देखिन्छ। |
| ३ | **साझेदारी विकासको अवसर**<br>सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशील रहेकाले पशु हाटबजारको विकासमा साझेदार हुनसक्ने सम्भावना रहेको छ। | ३ | |
| ४. | **छिमेकी पालिकाहरुले सहयोग गर्नसक्ने**<br>यस गाउँपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरूसँग राम्रो सम्वन्ध रहेको छ। फलतः सियारी पशु हाटबजार प्रबर्धनका लागि अन्य पालिकाहरुसंग समन्वय गर्न सकिने सम्भावना रहेको छ। | | |

## २.१ प्रतिस्पर्धी पशु हाटबजारमा भौतिक पूर्वाधार विकासको अवस्था

सियारी हाटबजारका प्रतिस्पर्धी बजारहरुमा न्यूनतम पूर्वाधार विकास पनि भएको छैन र अस्तव्यस्त रुपमा बजार सञ्चालन भै रहेका छन्। ती बजारहरुको वास्तविक अवस्था निम्न अनुसार रहेको छ।

१. पशु हाटबजार स्थलमा आवश्यक स्थायी भौतिक संरचनाहरुको अभाव। वर्षातको समयमा पानी जम्ने, हिलोको कारण पशुहरुलाई हिंड्डुल गर्न असुविधा हुने।

२. पशु हाटबजार खुल्ला चौरमा बिना पर्खाल, बिना तारवारनै सञ्चालन भइरहेको हुंदा पशुहरु असुरक्षित ।

३. न्यूनतम सुविधाहरु जस्तै पशुले पिउने पानी, शौचालय, कार्यालय भवन, कृषक तथा व्यापारीका लागि आराम गृह, चमेना गृह आदिको व्यवस्था नभएको ।

४. सरसफाईको व्यवस्था नभएको । बजार स्थलमा प्लास्टिक तथा अन्य फोहोरहरु यत्रतत्र छरिएको अवस्थामा रहेका छन् ।

५. व्यवस्थापनका लागि दक्ष कर्मचारीहरु नभएको ।

६. पशु हाटबजार ठेकेदार मार्फत ठेक्कामा सञ्चालन भएका र आम्दानीको उचित हिस्सा बजार स्थलको पूर्वाधार विकासमा खर्च नहुने ।

७. पशु हाटबजार सञ्चालनका लागि विधान वा सञ्चालन निर्देशिका नभएको ।

८. पशु हाटबजारको जग्गाको स्वामित्व स्थायी बजार विकासका लागि अनुकूल नभएको ।

९. निजी क्षेत्र (पशु हाटबजारका ठेकेदार), पशु बजार मालिक तथा स्थानीय सरकारकाबीचमा समन्वयको कमी ।

## ३. सियारी पशु हाटबजारका लाभग्राहीहरु

प्रत्यक्ष वा परोक्ष्यरुपमा सियारी हाटबजारबाट लाभान्वित हुने समुदाय र प्राप्त गर्ने लाभहरु निम्न अनुसार रहेकाछन्:

- स्थानीय तथा छिमेकी गाउँपालिकाका पशुपालक कृषकहरु,
- पशु खरिदबिक्री व्यवसायमा संलग्न स्थानीय तथा बाहिरी जिल्लाका व्यापारीहरु,
- पशुपन्छीका औषधि बिक्रेता, एग्रोभेट ब्यवसायीहरु,
- पशु ढुवानी सेवामा लागेका व्यवसायीहरु,
- पशुपालनको लागि चाहिने दाना, साइलेज, आहारा आदि उत्पादन तथा बिक्रीमा संलग्न व्यवसायीहरु,
- पशुधन मूल्यशृंखलामा आवद्ध अन्य व्यवशायीहरु,
- स्थानीय होटल, रेस्टुरेन्ट व्यवशायीहरु,
- बजारबाट उन्नत नश्लका भैंसी किनेर लाभान्वित हुने स्थानीय तथा बाहिरी जिल्लाका पशुपालक व्यवसायी कृषकहरु,
- मासुको लागि बिक्री भएका राँगा, पाडाको ढुवानी गर्ने, बिक्रीगर्ने, मासु प्रसोधन गर्ने, मासु उपभोग गर्ने काठमाडौं, पोखरा, भरतपुर तथा अन्य जिल्लाका उपभोक्ताहरु तथा सम्बन्धित मूल्यशृंखलाका अन्य व्यवशायीहरु ।

## ४. हाटबजारको लक्षित कार्यक्रम प्रक्षेपण

## ४.१ लक्षित कार्यक्रम : आ.व. २०७९/८० देखि २०८९/९० सम्म

सियारी पशु हाटबजारमा हाल भै रहेको पशु खरिदबिक्रीका आधारमा आगामी १० वर्षका लागि सम्भावित कार्यक्रमको प्रक्षेपण तालिका-८ मा प्रस्तुत गरिएको छ ।

**तालिका-८: सियारी हाटबजारको आगामी १० वर्षको लक्षित कार्यक्रम**

| क.सं. | विवरण | इकाई | वर्ष | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| **१** | **पशु बिक्री तथा यससंग सम्बद्ध कार्यक्रम** | | | | | | | | | | | |
| १.१ | दुहुना भैंसी बिक्री | संख्या | १५०० | १७२५ | १९८४ | २२८१ | २६२३ | ३०१७ | ३४७० | ३९९० | ४५८८ | ५२७७ |
| १.२ | थारा भैंसी, रांगो, पाडा, पाडी बिक्री | संख्या | ५००० | ५७५० | ६६१२ | ७६०४ | ८७४५ | १०५७ | ११५६५ | १३३०० | १५२९५ | १७५८९ |
| १.३ | खसी, बोका बिक्री | संख्या | २५०० | २८७५ | ३३०६ | ३८०२ | ४३७२ | ५०२८ | ५७८३ | ६६५० | ७६४८ | ८७९५ |
| १.४ | गोवर बिक्री | के.जी. | ५००० | ५७५० | ६६१२ | ७६०४ | ८७४५ | १०५७ | ११५६५ | १३३०० | १५२९५ | १७५८९ |
| १.५ | बिक्री नभएका पशु संख्या | संख्या | ६५० | ७४७ | ८६० | ९८९ | ११३७ | १३०७ | १५०३ | १७२९ | १९८८ | २२८७ |
| १.६ | पशु प्रवेश | संख्या | ९००० | १०३५० | ११९०२ | १३६८७ | १५७४१ | १८१०२ | २०८१७ | २३९४० | २७५३१ | ३१६६१ |
| **२** | **प्रयोगशाला स्थापना** | | | | | | | | | | | |
| २.१ | साधारण रेफ्रीजरेटर (१७० लि.) | संख्या | १ | – | – | – | – | – | – | – | – | – |
| २.२ | कूल बक्स (३ लि.) | संख्या | ४ | – | – | – | – | – | – | – | – | – |
| २.३ | कम्पाउण्ड माइकोस्कोप | संख्या | १ | – | – | – | – | – | – | – | – | – |

| क.सं. | विवरण | इकाई | वर्ष | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| २.४ | सेन्ट्रीफ्युज मेसिन (६ टयुब भएको) | संख्या | १ | – | – | – | – | – | – | – | – | – |
| २.५ | विद्युतीय स्टेरिलाइजर | संख्या | १ | – | – | – | – | – | – | – | – | – |
| २.६ | ल्याब इनकुवेटर (२५० लि.) | संख्या | १ | – | – | – | – | – | – | – | – | – |
| **३** | **बजार व्यवस्थापन र प्रचार प्रसार सम्बन्धी कियाकलाप** | | | | | | | | | | | |
| ३.१ | पशु हाटबजार सम्बन्धी होर्डिङ बोर्ड जडान | संख्या | ३ | – | – | ३ | – | – | ३ | – | – | – |
| ३.२ | FM रेडियाबाट बजार सम्बन्धि प्रचार प्रसार | महिना | ३ | ३ | ३ | ३ | ३ | – | – | – | – | – |
| ३.३ | बजार व्यवस्थापन सम्वन्धि क्षमता विकास तालिम | संख्या | १ | | १ | | १ | | १ | | १ | |
| ३.४ | सार्वजनिक सुनवाई | संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| **४** | **सरसफाई तथा वातावरण मैत्री कियाकलाप** | | | | | | | | | | | |
| ४.१ | गोवर संकलनका लागि ह्वील ब्यारो | संख्या | ५ | – | – | – | – | – | – | – | – | – |
| ४.२ | गम बूट | जोर | ५ | | ५ | | ५ | | ५ | | ५ | |
| ४.३ | ग्लोव व्यवस्था | जोडी | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ४.४ | मृत पशुको सिनो व्यवस्थापन | खाडल | १ | – | – | – | १ | – | – | १ | – | – |
| ४.५ | पशुको मूत्र संकलन टयांकी | संख्या | १ | – | – | १ | – | – | १ | – | – | – |
| **५** | **लेखा परीक्षण** | | | | | | | | | | | |
| ५.१ | रजिस्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |

**नोटः**

- प्रतिहप्ता सरदर ३० ओटा दुहुना भैंसी र १०० ओटा थारा भैसी, रांगा, पाडा बिक्री हुने र १ वर्षमा ५० हप्ता कारोवार सञ्चालन हुने अनुमान गरिएको छ ।
- हरेक वर्ष पशु बिक्रीमा १५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ४.२ पशु हाटबजार सञ्चालनका लागि प्रस्तावित जनशक्ति

सियारी पशु हाटबजार व्यवस्थित र दिगोरुपमा सञ्चालन गर्न आवश्यक पर्ने न्यूनतम जनशक्तिको विवरण तालिका-९ मा उल्लेख गरे अनुसार हुनेछ ।

**तालिका-९: सियारी हाटबजार सञ्चालन गर्न आवश्यक जनशक्तिको विवरण**

| पशु हाटबजार संचालन गर्न आवश्यक जनशक्ति (प्रस्तावित) | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **संख्या** | **शैक्षिक योग्यता** | **अनुभब** | **कैफियत** |
| १. | बजार व्यवस्थापक | १ | न्युनतम शैक्षिक योग्यता (१०+२) पास गरेको | हाटबजार सम्बन्धी अनुभव भएको | पारिश्रमिक सञ्चालक समितिले तोकेबमोजिम |
| २. | पशु चिकित्सक | १ | BVSC & AH | अनुभवी | पारिश्रमिक सञ्चालक समितिले तोकेबमोजिम |
| ३.. | पशु सेवा प्राविधिक | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट पशु विज्ञानमा कम्तीमा पनि जे.टी.ए. तालिम प्राप्त गरेको | प्रयोगशालामा काम गर्ने अनुभव | पारिश्रमिक सञ्चालक समितिले तोकेबमोजिम |
| ४. | लेखा सहायक | ० | | | हाललाई बजार व्यवस्थापकलेनै यो कार्य गर्ने । |
| ५. | सरसफाई कर्मी (कार्यालय, शौचालय तथा कम्पाउण्ड भित्र चौरको सरसफाई गर्ने) | १ | साधारण लेखापढ गर्न जान्ने । | अनुभवी | पारिश्रमिक सञ्चालक समितिले तोकेबमोजिम |
| ६. | चौकीदार/सुरक्षाकर्मी | २ | साधारण लेखापढी गर्न जानेको | अनुभवी | बजारमा प्रवेश गर्ने र निस्कने पशुको रेकर्ड समेत राख्न सक्ने |

## ५. बजार प्रबर्धन योजना

सियारी पशु हाटबजार हालसालै सुरुभएको भएता पनि यसलाई भविष्यमा विकास गर्न सकिने प्रशस्त सम्भावनाहरु रहेका छन् ।

### ५.१ बजारीकरण रणनीति (एक उदाहरण)

सियारी पशु हाटबजार प्रबर्धन गर्नका लागि विभिन्न रणनीतिहरु अपनाउन आवश्यक देखिन्छ। उदाहरणका लागि यो बजारलाई दुहुना भैंसीको बजारको रुपमा विकास गर्ने । थप रणनीतिका वारेमा तालिका-१० मा उल्लेख गरिएकोछ ।

**तालिका-१० : सियारी पशु हाटबजार प्रबर्धन रणनीति**

| बजारमा प्रतिस्पर्धा गर्ने रणनीति | कार्यनीतिहरु |
|---|---|
| • **वस्तुगत रणनीति** : पशु बजारबाट स्वस्थ पशुहरु मात्र बिकी गराउने | • भैंसी, राँगा, बोका/खसीको स्वास्थ्य परीक्षण गर्ने र गुणस्तरीय मासु वा दुध उत्पादन गर्ने स्वस्थ पशु मात्र बिकी गर्ने । |
| • बढी दुध दिने भैंसी उत्पादन मा मदत गर्ने | • व्यवस्थित समुहगत बिक्री प्रणालीको विकास गर्ने,<br>• व्यवस्थित रुपमा पशु थोक बिक्री वितरण गर्ने कार्यलाई प्रश्रय दिने,<br>• बजारस्थलमा ल्याइएका पशुको उचित हेरचाह गर्ने व्यवस्था मिलाउने,<br>• उन्नत भैंसी/बाखा/बोका उपलब्ध हुने प्रमुख बजारको रुपमा विकास गर्ने,<br>• दशैं, तिहार र उच्च माग हुने समयको लागि सोही अनुसार बढी पशु आपूर्ति हुने व्यवस्था मिलाउने,<br>• पशुको माग र आपूर्ति कम हुने महिनाहरूमा पनि बजार नियमित रुपमा सञ्चालन गर्न आपूर्ति र खपत गर्ने क्षेत्र र बजारहरुसंग आवश्यक समन्वय गर्ने,<br>• आफ्नै जिल्ला भित्रका विभिन्न उत्पादन क्षेत्रहरुमा पशुपालनलाई बढावा दिने कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित निकायहरुसंग समन्वय गर्ने । |
| पशु हाटबजार सञ्जालसंग राम्रो सम्बन्ध विकास गर्ने | यातायात को व्यवस्था भएका जिल्ला भित्र तथा टाढाका बजारसंगको सम्बन्ध सुधार गर्न विभिन्न सरोकारवालाहरुसंग नियमित बैठक तथा सम्पर्क गर्ने ।<br>पशुको व्यापार तथा ढुवानीको समयमा उठेका समस्याहरु समयमै समाधान गरी पशुको व्यापार सुचारु रुपले सञ्चालन गर्ने । |
| बिक्री प्रवर्द्धन - प्रचार प्रसार गर्ने (प्रवर्द्धन रणनीति) | FM Radio, अखबार, सडक मोडमा बजार सम्बन्धी होर्डिङ्ग बोर्डहरु राख्ने, सामाजिक सञ्जालको उपयोग गरी प्रचार-प्रसार गर्ने, साथै पशु हाटबजारको website तयार गरी सो मार्फत पशु हाटबजार सम्बन्धी जानकारीहरु प्रवाह गर्ने |

| बजारमा प्रतिस्पर्धा गर्ने रणनीति | कार्यनीतिहरु |
|---|---|
| | उत्पादक, व्यापारी र अन्य सरोकारवालाहरुसंग सम्पर्क तथा समन्वय बढाउने, नेटवर्किङ, छलफल तथा अन्तरक्रिया मार्फत बिक्री प्रवर्द्धन गर्ने । |

## ५.२ बजारीकरण योजना

हाटबजारको दिगो विकासका लागि बर्ष अनुसार गर्नुपर्ने कार्यक्रमहरु निम्न अनुसार प्रस्ताव गरिएको छः

**पहिलो वर्ष**

- सरोकार वालाहरुसंग बैठक/सार्वजनिक सुनवाई गरी पारदर्शिता कायम गर्ने,
- सम्भब भएसम्म गाउँपालिका, भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायत सरोकार निकायहरुसँग समन्वय गर्ने,
- मुख्य उत्पादन क्षेत्र रहेका गाउँपालिकाका, व्यावसायिक कृषकहरु, पशु व्यापारीहरु सहितको मूल्यशृंखलाका अन्य पात्रहरुको उपस्थितिमा उन्नत पशुपालन सम्बन्धि उत्पादन प्रबर्धन र बजारीकरणका क्रियाकलाप सञ्चालन गर्ने अभियान चलाउने,
- स्थानीय एफ. एम. रेडियो, स्थानीय पत्रपत्रिका, सामाजिक सञ्जाल, पम्पलेटको माध्यमबाट पशु हाटबजारको विज्ञापन गर्ने,
- समूह/सहकारी/निजी फार्मबाट उत्पादित पशुहरुको बजारीकरणका लागि पशु हाटबजार सञ्चालक समिति/कार्य सम्पादन समितिलाई सक्षम बनाउने,
- हरेक वर्ष कार्यक्षेत्रमा देखिएका पशु बजार सम्बन्धि समस्या/चुनौतीहरुको समीक्षा गरी पशु हाटबजार सञ्चालन नीतिमा परिमार्जन गर्ने ।

**दोस्रो वर्ष**

- भैंसी, राँगा, पाडा, पाडी, खसी, बोका बिक्री वितरणमा सहजता ल्याउन उत्पादक, व्यवसायी र खरिदकर्ताहरुसंग आवश्यक समन्वय गर्ने,
- पशुपालक फार्म, सहकारी, कृषक समूहहरुलाई पशु हाटबजारका गतिविधिहरुको बारेमा जानकारी गराउनको लागि स्थानीय एफ. एम. रेडियो, पत्रपत्रिका, पम्पलेटको माध्यमबाट विज्ञापनमा निरन्तरता दिने,

- उत्पादक व्यवसायीहरु, खरिदकर्ताहरुलाई बजार सम्बन्धि जानकारी दिन विभिन्न जिल्लाका सरोकारवालासंग समन्वय गरी संयुक्त पशु बजार मेला आयोजना गर्ने ।

**तेश्रो, चौथो र पाँचौं वर्ष**

- विभिन्न उत्पादन क्षेत्रबाट ल्याइने पशुधनको वृद्धिसंगै बजारको भौतिक सुविधामा समेत विस्तार एवं सुधार गर्ने,
- बजारको पहुँच बढाउन छिमेकी बजारका ब्यापारी तथा संघसंस्थाहरुसंग समन्वय गर्ने,
- बजारमा प्रतिस्पर्धा गर्नको लागि आवश्यकता अनुसार यहाँ बिक्री हुने भैंसी, राँगा, पाडा, खसी, बोकाको बिक्रीमा लिइने सेवा शुल्कमा आवश्यकता हेरी छुटको व्यवस्था गर्ने,
- बजारलाई गुणस्तरीय पशु बिक्री हुने बजारको रुपमा विकास गर्ने रणनीति कार्यान्वयन गर्ने ।

## ५.३ हाटबजारको हालको कारोवार

सियारी हाटबजारमा पशुधनको कारोवार क्रमशः बृद्धिहुँदै जाने अपेक्षा गरिएकोछ। बर्तमान समयमा पशुको खरिदबिकी संख्या र सरदर मूल्यका आधारमा कारोवारको परिमाण तल तालिका-११ मा उल्लेख गरिएकोछ ।

**तालिका-११ : हालको पशुधन खरिदबिकी कारोवार**

| क्र.सं. | विवरण | इकाई | परिमाण | सरदर बिकी मूल्य, प्रति गोटा | जम्मा रकम, रु. | जम्मा रकम प्रति महिना, रु. |
|---|---|---|---|---|---|---|
| १ | दुहुना भैंसी बिकी | संख्या | ३० | ७५,००० | २२,५०,००० | ९०,००००० |
| २ | रांगा, पाडा, थारा भैंसी बिकी | संख्या | १०० | ३५,००० | ३५,००००० | १,४०,००००० |
| ३ | खसी, बोका बिकी | संख्या | ५० | २०,००० | १०,००००० | ४०,००००० |
| | कूल जम्मा | | | | ६७,५०,००० | २,७०,००००० |

एक हप्तामा ६७ लाख ५० हजार र एक महिनामा २ करोड ७० लाख मूल्य बराबरका पशुधनको खरिदबिकी हुने अनुमान गरिएको छ ।

## ६. वित्तीय विश्लेषण

यस उपशिर्षक अन्तर्गत सियारी हाटबजार स्थापनाका लागि खर्च भएको कूल पूंजी लगानी, वार्षिक सञ्चालन खर्च, आम्दानीका श्रोतहरु र प्रक्षेपित वार्षिक आम्दानी, नाफा नोक्सान, नगद प्रवाह र वित्तीय सूचकहरुको विश्लेषण गरिएको छ । विश्लेषणबाट प्राप्त नतिजा संक्षेपमा क्रमशः तल वर्णन गएिको छ । यस्को विस्तृत विश्लेषण अनुसूचीमा संलग्न छ ।

### ६.१ कूल पूंजी लगानी

सियारी हाटबजारमा पूर्वाधार विकास गर्दा स्थीर पूंजी लगानी रु. ३,५३,९१,४२३  खर्च भएको छ । सो रकम मध्य सियारी गाउंपालिका बाट रु २,६२,००० र नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाबाट रु ३,५१,२९,४२३ सहयोग स्वरुप खर्च भएको छ । गाउंपालिकाबाट खर्च हुने रकममध्य केही रकम खर्च भै सकेको र बाकी रकम खर्च हुने क्रममा रहेको छ । त्यसै गरी सञ्चालन पूंजी तर्फ रु. १,२८,००० गाउपालिकाबाट खर्च हुने क्रममा रहेको छ (यस्को विस्तृत विवरण अनुसूची १ र ३ मा हेर्नुहोला) ।

### ६.२ वार्षिक सञ्चालन खर्च

हाटबजार सञ्चालन गर्दा कूल वार्षिक सञ्चालन खर्च रु. २९,३१,४६० हुने र सो रकममध्य स्थीर खर्च तर्फ  रु. २१,१५,८२६ र परिवर्तनीय खर्च तर्फ रु. ८,१५,६३४ हुने अनुमान गरिएको छ (यस्को विस्तृत विवरण अनुसूची ४ र ५ मा हेर्नुहोला) ।

### ६.३ वार्षिक आम्दानीको प्रक्षेपण

